


# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २१ ] काठमाडौं, पौष २६ गते २०२८ साल [ संख्या ३७


श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

### गाउँ सभा (स्थापना) (पहिलो संशोधन) नियमावली २०२८

गाउँ सभा (स्थापना) नियमावली २०२६ (यसपछि "मूल नियमावली" भनिएको) लाई संशोधन गर्न वान्छनीय भएकोले,

गाउँ पञ्चायत ऐन २०१८ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः-

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यी नियमहरूको नाम " गाउँ सभा (स्थापना) (पहिलो संशोधन) नियमावली २०२८ " रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीको नियम ३ मा संशोधनः- मूल नियमावलीको नियम ३ को उपनियम (१)को सट्टा देहायको उपनियम (१) राखिएको छ ।

"(१) ऐनबमोजिम गाउँ सभा स्थापना गर्नु परेमा जिल्ला पञ्चायतले आवश्यक जाँचबुझ गरी अनुसूचीबमोजिमको आदेश जारी गरी कुनै गाउँ वा मौजाको समूहलाई गाउँ सभा घोषित गर्नेछ ।"

(२) मूल नियमावलीको नियम ३ को उपनियम (३) खारेज गरिएको छ ।

३. मूल नियमावलीको अनुसूचीमा संशोधनः- मूल नियमावलीको अनुसूचीको सट्टा यसैसाथ संलग्न रहेको अनुसूची राखिएको छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची

( नियम ३ को उपनियम (१) संग सम्बन्धित )

गाउँ सभा स्थापना गर्ने ... ... ... ... जिल्ला पञ्चायतले जारी गरेको आदेश

| अञ्चलको नाम | जिल्लाको नाम | गाउँ सभाको नाम | गाउँ सभाभित्र पर्ने गाउँ वा मौजा हरूको नाम | गाउँ सभाको साँध सीमाना | गाउँ सभाको जनसंख्या |
|---|---|---|---|---|---|
| | | | | | |

कार्यालयको छापः—

जिल्ला पञ्चायतको सभापतिको
दस्तखत ... ... ... ... ...
मिति ... ... ... ... ...

आज्ञाले—
सुन्दरप्रसाद शाह
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।